अनुसुचि १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री ज्वालागिरी फाँटा सामुदायिक वन उपभोक्ता समूह

वारबर्दिया न.पा. ४, बर्दिया

प.स.

च.नं.

मिति: २०८३/०१/२३

विषय: काठ र दाउरा प्रति ईकाई दररेटको आधारमा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना ।

लट नं. १ (२०८२/०८३)

पहिलो पटक सुचना प्रकाशन मिति २०८३।०१।२३

श्री ज्वालागिरी फाँटा सामुदायिक वन उपभोक्ता समूहको सामुदायिक वनबाट आ.व.२०८२/०८३ मा कटान हुने रुखहरुबाट उत्पादन हुने तपसिलमा उल्लेखित जात र परिमाणको काठ/दाउरा प्रति ईकाई दररेटमा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, सघंसस्था, फर्म वा कम्पनीले यो सुचना नागरीक राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०१/२२ गते प्रकाशन भएको मितिले २१ दिन भित्र यस समूहको कार्यालय र डिभिजन वन कार्यालय बर्दियाबाट बोलपत्र खरिद गरी २२ औं दिन दिनको १२:०० बजे भित्रको समयमा यस ज्वालागिरी फाँटा सामुदायिक वन उपभोक्ता समुहको कार्यालय वारबर्दिया न.पा. वडा नं. ४ बर्दिया र डिभिजन वन कार्यालय बर्दियामा सिलबन्दी बोलपत्र दाखिला गर्न आहान गरिन्छ ।

तपसिल

१.वन पैदावारको बिवरण:-

| लट नं. | वन पंदावारको जात | रुख संख्या | ग्रेड | अनुमानित परिमाण | | प्रति इकाई न्यूनतम मुल्य रु. | | मूल्यांकन रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | काठ घ.फि. | दाउरा चट्टा | काठ घ.फि. | दाउरा चट्टा | काठ मूल्य रु. | दाउरा मूल्य रु. | |
| १ | अन्य | २ | N | ३४।८९ | ०।११ | १०० | ४००० | ३४८९ | ४४० | काठ दाउरा संकलन खर्च साकार कर्ताले व्यहोर्नु पर्नेछ |
| २ | कान्जी | १ | N | २०।८८ | ०।०७ | १०० | ४००० | २०८८ | २८० | |
| ३ | खयर | २ | N | ३३।५१ | ०।०३ | १००० | ४००० | ३३५१० | १२० | |
| ४ | गुटेल | १ | N | १५।७० | ०।०५ | १०० | ४००० | १५७० | २०० | |
| ५ | डुम्री | ५ | N | २२।७५ | ०।६४ | १०० | ४००० | २२७५ | २५६० | |
| ६ | सिमल | २ | N | ४४८।९१ | १।१३ | १५० | ४००० | ६७३३६।५ | ४५२० | |
| | जम्मा | १३ | | ५७६।६४ | २।०३ | | | ११०२६८।५ | ८१२० | |

२.बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति:२०८३।०२।१३ (ख) समय दिउँसो १२:०० बजेसम्म ।

३.बोलपत्रसाथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समुहको राष्ट्रिय बाणरज्य बैंक, गुलरिया शाखा कार्यालय, बर्दियामा रहेको हिसाब नं. ४११४०१००१००९७२००१ खातामा नगद जम्मा गरेको सक्कल भौचर/-----------------बैंकमा कम्तिमा ६ महिना अवधिको बैंक जमानत समावेश हुनुपर्नेछ ।

४.बोलपत्र फारमको रु. १०००/– पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय बर्दियाबाट खरिद गरि खरिद गरेको निकायमा दाखिला गर्नु पर्नेछ ।

५.लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय दिनको ५:०० बजे भित्र ज्वालागिरीफाँटा सामुदायिक वन उपभोक्ता समुहको सामुदायिक वन क्षेत्रमा गई हेर्न सकिनेछ।

६.लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मको प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फर्म वा कम्पनि दर्ता प्रमाण पत्रको प्रतिलीपि ,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र मुल्य अभिबृद्धी कर दर्ता प्रमाण पत्रको प्रतिलीपि वा स्थाई लेखा नम्वर

CamScanner

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री ज्वालागिरी फाँटा सामुदायिक वन उपभोक्ता समूह

बारबर्दिया न.पा. ४, बर्दिया

(PAN) दर्ता प्रमाण पत्रको प्रतिलीपि र संघीय वन नियमावली २०७९ को नियम १२८ बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयमा सुची दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

७.निर्धारित न्युनतम संख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०२।१३ गते दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ ।

८.उत्पादित गोलिया काठ र दाउरा नाप पईमास भई घाटगद्दी भएको जानकारी पश्चात् १० (दश) दिन भित्र साकार गरेको प्रति ईकाई दररेटले हुन आउने रकम तथा निर्धारित मुल्य अभिबृद्धी कर, अग्रिम आय कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाईलैजानु पर्नेछ ।

९.बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नुपर्नेछ ।अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१०.प्रस्तुत बोलपत्रको सम्वन्धमा कुनै बिवाद उत्पन्न भएमा त्यसको अन्तिम निर्णय दिने अधिकार सम्बन्धित निकायको हुनेछ ।

११. रितपुर्वक नभएको वा शर्त राखिएको र म्याद नाघि प्राप्त भएको बोलपत्र मान्य हुने छैन ।

१२. प्रस्तुत बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१३. अन्य कुराहरु प्रचलीत कानुन अनुसार हुनेछ ।

अध्यक्ष

CamScanner

**बजार**

सुन तोला - २९१,०००
चाँदी तोला - ४८८०

| विदेशी मुद्रा | खरिद | बिक्री |
|---|---|---|
| अमेरिकी डलर - | १५२.१६ | १५२.७६ |
| युरो - | १७७.९२ | १७८.६२ |
| पाउन्ड स्टर्लिङ - | २०६.११ | २०६.९२ |



काठमाडौंको कमलादीस्थित प्रज्ञा भवनमा मंगलबार नेपाल उद्योग वाणिज्य महासंघको नयाँ नेतृत्व चयनका लागि भएको निर्वाचनका क्रममा लामबद्ध मतदाता । *तस्बिर : दीपेश दर्शनधारी/नागरिक*

# राहदानीमा राहत, अब घरघरमै

**कृष्ण किसी**

*भक्तपुर, वैशाख २२*

बालेन सरकारको प्रत्यक्ष प्रभाव भक्तपुरका घरघरमा देखिन थालेको छ। विदेश जानका लागि आवश्यक राहदानी घरघरमै पाइने भएपछि यसको प्रत्यक्ष प्रभाव जिल्लाका घरघरले महसुस गर्न सक्ने भएका हुन् । अन्य जिल्लामा जस्तै यहाँ पनि नागरिकता लिनेभन्दा पासपोर्ट लिनेको संख्या बढी हुन्छ । यस अर्थमा पनि घरघरले यो सेवाको महसुस गर्न पाउने भएका हुन् ।

नेपाल सरकार मन्त्रिपरिषद्‌बाट स्वीकृत सरकारी सेवा सुधारसम्बन्धी कार्यक्रमअन्तर्गत 'घरदैलो सेवा' अवधारणा लागु गरिँदै राहत वितरणलाई सहज, छिटो र प्रविधिमैत्री बनाउने उद्देश्यले यो सेवा सुरु गरिएको जनाइएको छ । यसअघि सेवाग्राही स्वयं कार्यालय पुग्नुपर्ने व्यवस्था थियो ।

यो सेवासँगै सेवाग्राही पासपोर्ट लिन जिल्ला प्रशासन कार्यालय भक्तपुर धाउनु नपर्ने भएको हो । यसअघि पासपोर्ट लिनका लागि जिल्ला प्रशासन कार्यालय आउनैपर्ने बाध्यता हटेको हो। यसका लागि जिल्ला प्रशासन कार्यालय भक्तपुर र जिल्ला हुलाक कार्यालय भक्तपुरबिच मंगलबार समझदारी भएको छ । समझदारीपत्रमा जिल्लाका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाल र हुलाक कार्यालय भक्तपुरकी प्रमुख सीता साम्बाले हस्ताक्षर गरिन् । समझदारीअनुसार अब राहदानी हुलाकमार्फत सेवाग्राहीको घरमै पुर्‍याइने भएको हो।

सम्झौताअनुसार राहदानी विभागबाट प्राप्त राहदानी सामग्री जिल्ला प्रशासन कार्यालय भक्तपुरले सुरक्षित रूपमा राखी सेवाग्राहीको नाम, ठेगाना र सम्पर्क विवरणसहित जिल्ला हुलाक कार्यालयलाई हस्तान्तरण गर्नेछ। त्यसपछि हुलाक कार्यालयले निश्चित समयभित्र सेवाग्राहीको घरमै राहत पुर्‍याउने व्यवस्था मिलाउने जनाएको छ।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) उमेशकुमार ढकालले सेवा समझदारीपछि मंगलबारबाटै सुरु भएको जानकारी गराए। यसले जनताको काममा धेरै सहजता मिल्ने विश्वास उनको छ। साथै जिल्ला प्रशासन कार्यालयमा हुने भीडभाड पनि न्यून हुने उनको भनाइ छ।

हुलाक कार्यालयका अनुसार वितरण प्रक्रिया करिब सात दिनभित्र सम्पन्न गरिने छ । राहदानीजस्ता संवेदनशील सामग्रीको सुरक्षालाई प्राथमिकता दिँदै विशेष सावधानी अपनाइने र कुनै कारणवश वितरण हुन नसकेको सामग्री पुनः जिल्ला प्रशासन कार्यालयमै फिर्ता गरिने व्यवस्था गरिएको जनाइएको छ।

जिल्ला हुलाक कार्यालय भक्तपुरकी प्रमुख सीता साम्बाले यस सेवाका लागि लाग्ने हुलाक शुल्क भने सेवाग्राहीले आफैं व्यहोर्नुपर्ने छ । सेवा प्रभावकारी बनाउन आवश्यक कर्मचारी व्यवस्थापन र अनुगमन तथा सुपरिवेक्षणको जिम्मेवारी सम्बन्धित कार्यालयले लिने जनाइएको छ । यो सेवा सुरु भएसँगै राहदानी लिन सेवाग्राहीले भोग्दै आएको झन्झट कम हुने अपेक्षा गरिएको छ।


## वर्गीकृत विज्ञापन/डिस्प्ले

**घरजग्गा**

धुम्बाराहीमा फ्ल्याटसिस्टमको 0-7-3-0 नयाँघर विशालनगरमा 0-6-0-0 जग्गा बिक्रीमा: 9841420589

कीर्तिपुर-६, थापागाउँ मेनरोडबाट १ कित्ता भित्र ०-४-१-० जग्गा सुपथ मूल्यमा बिक्रीमा: ९७६७२४२३५४

ज्ञानेश्वर मेनरोडमा २ आना १ दाम जग्गा सुपथ मुल्यमा: ९७६७२४२३५४

Ktm हाँडीगाउँ नेपालबैंक नजिकै विशालनगरमा ०-६-०-० जग्गा बिक्रीमा: 9841420589

**सम्पर्क**

**फ्लेक्स प्रिन्ट सम्बन्धी सम्पूर्ण कामहरु गर्नुपरेमा हामीलाई सम्पर्क गर्नुहोस्: ९८४९३३३५९०**

**काठ/दाउरा प्रति ईकाई दररेटको आधारमा बोलपत्रद्वारा लिलाम विक्रीको सूचना**

पहिलो पटक प्रकाशन मिति २०८३।०१।२३

यस ज्वालागिरी फाँटा सामुदायिक वन उपभोक्ता समुह बारबर्दिया न. पा. ०४, बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा विभिन्न प्रजातीको काठ ५७६.६४ घ.फि. र दाउरा २.०३ चट्टा अनुमानित लगत बमोजिम प्रति ईकाई दररेटमा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरि संचालनमा रहेको उद्योगहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस समुहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ। पूर्ण व्यहोराको सूचना यस समुहको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री ज्वालागिरी फाँटा सामुदायिक वन उपभोक्ता समुह,**
बारबर्दिया न.पा. ०४ बर्दिया।
मो.नं. ९८००५१३३८३

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रीको सूचना**

पहिलो पटक प्रकाशन मिति २०८३।०१।२३

यस कर्नसवा सामुदायिक वन उपभोक्ता समुह बारबर्दिया न. पा. ०५, धोविया, बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको विभिन्न जात र ग्रेडको गोलिया थान १२८२ को ३६०४।०५ घ.फि., काठ र दाउरा चट्टा २ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेको उद्योगहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस समुहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ। पूर्ण व्यहोराको सूचना यस समुहको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री कर्नसवा सामुदायिक वन उपभोक्ता समुह,**
बारबर्दिया न.पा. ०५ धोविया, बर्दिया।
मो.नं. ९८४८२६६२५१

**मोटरसाइकल हरायो**

मिति २०८२/१२/२८ गते अं. ०२:५० बजेको समयमा का.जि.गो.न.पा. ०३ सुन्ताखान वडा कार्यालय नजिक पार्किङ्ग गरिराखेको अवस्थामा मेरो निम्न ब्यहोरा भएको मोटरसाईकल हराएको हुदाँ फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

**सवारी साधनको विवरण:**
**बजाज पल्सर NS 200 CC**
मोटरसाईकल नं.: **बा.प्र. ०२-०६५ प ७४६२**
मोटरसाईकल रङ्ग: **कालो/रातो**
ईन्जिन नं : **JLXCTK64949**
च्यासिस नं: **MD2A36FX8TCK80959**
सवारीधनीको नाम: **हुलास फिनसर्भ हायर पर्चेज लि.**
ऋणी: **राम बिश्वकर्मा कामी**
सम्पर्क नं: ९८५२८९०३६३

**काठ/दाउरा लिलाम बिक्रीको बोलपत्र पेश बारेको सूचना**

पहिलो पटक सूचना प्रकाशन मिति: २०८३/०१/२३ गते बुधबार

डिभिजन वन कार्यालय, बर्दियाको कटान सहमति अनुसार साल लगायत जातको गोलिया थान ६६० को ४८०९.४३ घ.फि. काठ र साल लगायत जातको दाउरा १४.५० चट्टा दाउरा दाउरा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**कालिकासा.व.उ.स.**
मधुवन-४, बर्दिया

**भवन भाडामा**

थानकोट चन्द्रागिरी केबलकार स्टेसनसंगै ६ रोपनीको कम्पाउन्ड, तिन तल्ले पक्की ब्यवसायिक भवन भाडामा

गोदाम, रेस्टुरेन्ट, फन पार्क, होटेल, लज, चार्जिङ्ग स्टेशन, पार्किङ्ग र अन्य प्रयोजनका लागि उपयुक्त

सम्पर्क नं: ९८५१०८४४७३



अनुसूची - २८

(मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ नियम ८४ को उपनियम (१) खण्ड (झ) सँग सम्बन्धित)

**बर्दिया जिल्ला अदालत**

**लिलाम सूचना (पहिलो पटक )**

विगो नं.२५८

**बादी जिल्ला बर्दिया गुलरिया न.पा. बडा नं. ७ बस्ने ईन्दिरा देवी पोखेलको मृत्यु भई निजको हकमा मुद्दा सकार गर्ने सुभाष कुमार पोखेल** प्रतिवादी जिल्ला रौतहत कनकपुर गा.वि.स. वडा नं. २ हाल जिल्ला बाँके नेपालगंज उप.म.न.पा. वडा नं. १० रानी तलाउ नजिक बस्ने शेख जमालुद्दिनको छोरा शेख प्रवेज आलम भएको चेक अनादर मुद्दामा बर्दिया जिल्ला अदालतबाट मिति २०८२।०३।२९ मा भएको फैसला बमोजिम प्रतिवादीबाट भराई पाउने ठहरेको चेकमा उल्लेखित रकम रु.३७,००,०००।- (सैतीस लाख रुपैयाँ), सोको लिखत मिति २०८०।११।१९ देखि लिलाम हुने दिन सम्मको ब्याज रु.८,२४,२७७।- समेत जम्मा बिगो रु.४५,२४,२७७।-(पैंतालीस लाख चौबीस हजार दुई सय सतहत्तर रुपैयाँ) प्रतिवादीले वादीलाई नगदै नबुझाएको र सो रकम अदालतमा दाखिल गर्न समेत नल्याएको हुँदा वादीले फैसला बमोजिम प्रतिवादीबाट भरि पाउने ठहरेको साँवा रकम भरी भराउका लागि दरखास्तमा खुलाई ल्याएको तपसिलमा उल्लेखित जेथा जग्गा मिति २०८३।०२।११ गते यस अदालतमा लिलाम बढाबढ हुने भएकोले डाँक बढाबढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं | जग्गाधनीको नामथर | जिल्ला | गा.वि.स. | वडा.नं. | कि.नं. | क्षेत्रफल | डाँक बोल्नुपर्ने न्यूनतम अंक |
|---|---|---|---|---|---|---|---|
| १. | शेख प्रवेज आलम, अनिस अहमद जोलाहा र ताजुध्दिन हलवाई | बर्दिया | गुलरिया | ८ख | ४२१९ | ०-६-० ज.बि. मध्ये दक्षिणतर्फबाट ०-२-० ज.बि. | विगो रु.४५,२४,२७७। - (पैंतालीस लाख चौबीस हजार दुई सय सतहत्तर रुपैयाँ) भएता पनि पञ्चकृते मूल्याङ्कन रु.१३,००,०००।- (तेह्र लाख रुपैयाँ) बाट डाँक बोल्नु पर्ने । |


## निर्माण व्यवसायी भन्छन्–

# मूल्य समायोजन नगरे सातामित्र सबै काम बन्द हुनेछन्

**भुवन शर्मा**

*काठमाडौं, वैशाख २२*

निर्माण व्यवसायीले अहिले भइरहेको मूल्य वृद्धिलाई सम्बोधन गर्ने गरी सरकारले एक साताभित्र मूल्य समायोजनको नीतिगत निर्णय नगरे देशभर निर्माणसम्बन्धी सबै काम स्वतः बन्द हुने चेतावनी दिएका छन्। यसको जिम्मेवारी सरकार स्वयं हुनुपर्ने उनीहरूको भनाइ छ।

नेपाल निर्माण व्यवसायी महासंघले मंगलबार काठमाडौंमा पत्रकार सम्मेलन गरी व्यवसायीले अहिलेकै स्थितिमा निर्माणका काम गरेमा थेग्नै नसकिने र काम नगरेमा सरकारी जरिबानामा पर्ने भएकाले आफूहरू निकै अप्ठ्यारो अवस्थामा पुगेको बताए। 'अहिले जसरी डिजेल, पेट्रोल, मट्टीतेल बिटुमिन सिमेन्ट, डन्डीलगायतका निर्माण सामग्रीमा अत्यधिक मूल्य वृद्धि भएको छ । तत्काल मूल्य समायोजन नभए हामी काम गर्न सक्दैनौं', महासंघका उपाध्यक्ष सहदेव खड्काले भने, 'सरकारले तत्काल मूल्य समायोजन गर्न जरुरी छ ।' पछिल्लो समय निर्माण व्यवसायी दोहारो मारमा परेका र मुलुकको समग्र अर्थतन्त्र गम्भीर समस्यामा परेको उनको भनाइ छ।

कार्यक्रममा महासंघका महासचिव शिवहरि घिमिरेले निर्माण उद्योग क्षेत्रमा उत्पन्न समस्यालाई तत्काल सम्बोधन गर्न माग गरे। उनले भने, 'निर्माण कार्य ठप्प हुँदा त्यसबाट उत्पन्न सबै परिणामको जिम्मेवारी सरकारले नै लिनुपर्नेछ ।' महासंघले सरकारसमक्ष राखेका माग पूरा नभए चाँडै आन्दोलनका कार्यक्रम घोषणा गरिने महासंघको भनाइ छ।



निर्माण व्यवसायी महासंघमा प्रदेश निर्माण व्यवसायी महासंघ, ७७ जिल्ला निर्माण व्यवसायी संघ, एसोसिएट सदस्यलगायत वस्तुगत (निर्माण सामग्री उत्पादन संघसमेत गरी लगभग ३२ हजारभन्दा बढी निर्माण व्यवसायी सहभागी छन् । राज्यले पुँजीगत खर्च गर्न नसक्दा भौतिक पूर्वाधार क्षेत्रसहित मुलुकको समग्र अर्थतन्त्रमा गम्भीर समस्या उत्पन्न भएको भन्दै निर्माण व्यवसायीले चिन्ता व्यक्त गरेका छन्।

आर्थिक वर्ष २०६२/६३ को बजेटमा विनियोजन गरिएको कुल पुँजीमध्ये करिब २० प्रतिशत मात्र खर्च भएको छ । यसबाट राष्ट्रको पूर्वाधार विकासमा महत्त्वपूर्ण योगदान पुर्‍याउने निर्माण उद्योग इतिहासकै कठिन मोडमा आइपुगेको व्यवसायीको भनाइ छ।

**मूल्यवृद्धि अप्रत्यासित**

निर्माण व्यवसायीले अहिलेको मूल्यवृद्धि अप्रत्यासित र अत्यधिक भएको बताएका छन् । 'पश्चिम एसियामा जारी युद्धका कारण निर्माण उद्योगमा प्रयोग हुने डिजेल, मट्टीतेललगायतका इन्धन सामग्रीमा पटकपटक भइरहेको अत्यधिक एवं अप्रत्यासित मूल्यवृद्धिका कारण निर्माण उद्योग ठप्प हुने स्थितिमा पुगेका छन्', पत्रकार सम्मेलनमा महासचिव घिमिरेले भने, 'इन्धनजन्य सामग्रीसहित निर्माण कार्यमा व्यापक प्रयोग हुने बिटुमिन सिमेन्ट, डन्डीलगायतका निर्माण सामग्रीमा समेत निरन्तर भइरहेको अत्यधिक मूल्यवृद्धि र बजारमा ती सामग्री अभावले निर्माण उद्योग धराशायी हुने अवस्थामा पुगेका हुन् ।'

यस्तो विकराल परिस्थितिका कारण मुलुकको समग्र अर्थतन्त्रमा गम्भीर असर देखिन सुरु गरेको व्यवसायीको भनाइ छ । घिमिरेले भने, 'मध्यपूर्वको युद्धअघि (फेब्रुवरी १५) डिजेल प्रतिलिटर एक सय ३९ रहेकोमा हाल प्रतिलिटर दुई सय २५ पुगेको छ भने युद्धअघि प्रतिकेजी ७५ रुपैयाँ पर्ने बिटुमिनको मूल्य हाल एक सय ५५ रुपैयाँ पुगेको छ।'

अहिलेको विषम परिस्थितिका बारेमा महासंघले बारम्बार नेपाल सरकारलगायतका निकायमा पत्राचार गरे पनि समस्या समाधान हुने गरी केही कार्यान्वयन नभएको भन्दै महासंघले दुःख व्यक्त गरेको छ। यस विषयमा प्रदेश सरकारका मुख्यमन्त्री र प्रमुख जिल्ला अधिकारीहरूलाई ज्ञापनपत्र बुझाउँदासमेत समस्या समाधानका लागि ठोस पहल नभएको तथा सरकारले लगातार लामो समयदेखि मौखिक आश्वासन मात्र दिएकाले पूर्वाधार क्षेत्रका निर्माण व्यवसायी ठूलो मारमा परेको व्यवसायीको भनाइ छ । महासंघले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'बजारमा निर्माण सामग्रीको अत्यधिक मूल्यवृद्धि भए पनि राष्ट्रबैंकको इन्डेक्समा उक्त सामग्रीमा न्यून वृद्धि देखाइने प्रवृत्तिका कारण निर्माण उद्योग थप पीडामा परेका छन् ।'

मूल्यवृद्धि तथा निर्माण सामग्री अभावले निर्माणाधीन आयोजनाको भविष्य नै संकटमा परेको उनीहरूको भनाइ छ । विज्ञप्तिमा भनिएको छ, 'हाल राष्ट्रिय गौरवका आयोजनासहित मुलुकभरका अन्य साना-ठूला सबै आयोजनाका काम लगभग बन्दप्रायः छन् ।'

**मूल्य समायोजन निर्देशिका पत्र तत्काल जारी गर्न माग**

निर्माण व्यवसायीले प्रत्येक आयोजनामा भएको मूल्यवृद्धि भएअनुसार मूल्य समायोजन मार्ग निर्देशिका वा परिपत्र तत्काल जारी गर्न र सबै अवधिका ठेक्काको हकमा मूल्य समायोजनको व्यवस्था गरी मूल्यवृद्धि समस्याबाट तत्काल राहत दिन माग गरेका छन् । यसैगरी निर्माण उद्योगलाई धराशायी हुनबाट जोगाउन सरकारले तत्काल पहल गर्नुपर्ने उनीहरूको भनाइ छ। विज्ञप्तिमा भनिएको छ, 'निर्माण उद्योगप्रतिको सरकारको बेवास्ताका कारण मुलुकभरका थप आयोजना रुग्ण हुने जोखिम बढेको छ।'

**सबै आयोजना समयमा पूरा नहुने चेतावनी**

अहिलेको विषम परिस्थितिलाई सरकारले तत्काल सम्बोधन गरेमा निर्माण आयोजना पूर्वनिर्धारित समयमै सकिने कुनै सम्भावना नभएको उनीहरूको भनाइ छ । त्यसैले बैंक ग्यारेन्टी बिमा तथा थप क्षतिपूर्तिसहित सबै आयोजनाको म्याद थप तथा बजेट व्यवस्थापनका लागि सरकारसँग उनीहरूले माग राखेका छन् ।

**सार्वजनिक खरिद अध्यादेश, आंशिक सम्बोधन**

नेपाल सरकारद्वारा राजपत्रमा प्रकाशित सार्वजनिक खरिद ऐन, २०६३ लाई संशोधन गर्न बनेको अध्यादेश आंशिक रूपमा मात्र निर्माण उद्योगमैत्री भएको यस महासंघको भनाइ छ। एक वर्षभित्रका सबै ठेक्कामा अनिवार्य दिइनुपर्ने मूल्य समायोजनका विषय, उपभोक्ता समिति र लाभग्राही समुदायसम्बन्धी व्यवस्था खारेजी, सरकारी नियन्त्रणको पूर्वाधार कम्पनीको खारेजी, निर्माण कार्यको मासिक भुक्तानीलगायतका विषयमा अध्यादेशमा सम्बोधन नभएको उनीहरूको भनाइ छ।

विज्ञप्तिमा भनिएको छ, '२० प्रतिशत मोबिलाइजेसन पेस्की दिने व्यवस्थामा पारदर्शिता, भेरिएसन आदेशमा सरलीकरण, समयमै काम सक्ने निर्माण व्यवसायी र सम्बन्धित कर्मचारीलाई पुरस्कार, निर्माण कम्पनीको एकीकरण र बिड क्यापासिटीको अवधारणा, प्रतिस्पर्धा संकुचित हुने गरी प्याकेज ठूलो वा टुक्रा बनाउन नपाइने, साना व्यवसायीको सीमा वृद्धि हुने गरी ल्याइएको व्यवस्था अध्यादेशका सकारात्मक पक्ष हुन् ।'

**धरकपड तत्काल बन्द गर्न आग्रह**

महासंघले निर्माण व्यवसायीमाथि भइरहेको धरकपड तत्काल बन्द गर्न सरकारसँग माग गरेको छ । सरकार गठनपछि राजनीतिक स्थिरता कायम भई अर्थतन्त्रलाई चलायमान बनाउने गरी लगानीको वातावरण बन्ने अपेक्षा गरिएकोमा उद्यमी व्यवसायीमाथि राज्यका निकायबाट निरन्तर भइरहेको धरपकड र थुनछेकप्रति महासंघको गम्भीर ध्यानाकर्षण भएको विज्ञप्तिमा जनाइएको छ । यसबाट निर्माण उद्योगसहित समग्र निजी क्षेत्र आतंकित अवस्थामा पुगेको उनीहरूको भनाइ छ।


**एकता बचत तथा ऋण सहकारी संस्था लि.**
**गट्ठाघर, भक्तपुरको**
**कर्जा चुक्ता गर्न आउने १५ दिने सूचना**

**प्रकाशित मिति २०८३/०१/२३**

यस संस्थाका तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले लिनु भएको कर्जा रकम संस्था संगको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कर्जा रकम चुक्ता नगरी उक्त ऋण कर्जाको बाँकी साँवा ब्याज चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई संस्थासंग गरेको ऋण कर्जा सम्बन्धी तमशुकमा उल्लेखित गरेका शर्त बन्देजहरु उल्लघंन गर्नु भएकोले १५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र संस्थामा सम्पर्क राखी सहकारीबाट लिएको ऋण कर्जाको सम्पूर्ण साँवा ब्याज र अन्य दस्तुर चुक्ता गर्नु गराउनु होला । अन्यथा सहकारी ऐन, संस्थाको विनियम २०५७ तथा प्रचलित कानुन बमोजिम ऋणी सदस्य तथा जमानीकर्ताको चल अचल सम्पति जायजेथा, लिलाम बिक्री गरी वा अन्य कुनै ब्यवस्था गरी सहकारीको आफ्नो लेना रकम असुल उपर गरि लिनुका साथै ऋणी तथा जमानीकर्ता बस्ने लाई समेत कालोसूचीमा नाम समावेश गरिने ब्यहोरा यसै सूचनाद्धारा अवगत गराईन्छ ।

| ऋणीको नाम/थर | ऋणीको फोटो | धनजमानी/मंजुरिनामा दिने | धनजमानी/मंजुरिनामा दिनेको फोटो |
|---|---|---|---|
| **ऋणी :- कमोद ढुंगाना** बाबु :- कमल नाथ ढुंगाना बाजे:- तेज नाथ ढुंगाना ठेगाना:- काठमाडौ-७, काठमाडौ । |  | **ऋणी :- सिजु ढुंगेल** बाबु :- बिनोद प्रसाद ढुंगेल बाजे:- तेज प्रसाद ढुंगेल ठेगाना:- काठमाडौ-५, काठमाडौ । |  |
| **ऋणी :- सिजु ढुंगेल** बाबु :- बिनोद प्रसाद ढुंगेल बाजे:- तेज प्रसाद ढुंगेल ठेगाना:- काठमाडौ-५, काठमाडौ । |  | | |

**एकता बचत तथा ऋण सहकारी संस्था लि.**
मध्यपुर थिमी-३, गट्ठाघर, भक्तपुर
फोन नं. ०१६६३७२३३, ईमेल: ekatasaccos32@ gmail.com


# किसानलाई अनुदानमा मिनीटिलर

जुम्ला, वैशाख २२ (रासस)- परम्परागत कृषिबाट किसानलाई मुक्त बनाउनका लागि जुम्लास्थित राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइले जिल्लाका २० किसानलाई अनुदानमा मिनीटिलर वितरण गरेको छ।

कृषि उद्यमीलाई मर्मतसम्भारको तालिमसहित मिनीटिलर वितरण गरिएको हो । तालिमसहित पहिलो चरणमा सोमबार मिनीटिलर किसानलाई वितरण गरिएको हो। कृषिमा आधुनिकीकरण ल्याउने उद्देश्यका साथ उद्यमीलाई कृषि यान्त्रीकरण मिनीटिलर वितरण गरिएको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन कार्यालय जुम्लाका प्रमुख खेमराज शाहीले जानकारी दिए।

किसानलाई आधुनिक प्रविधिसँग जोड्ने उद्देश्यले चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो चरणमा पाँच महिला र १५ पुरुषलाई ५० प्रतिशत अनुदानमा मिनीटिलर वितरण गरिएको कार्यालय प्रमुख शाहीको भनाइ छ । व्यावसायिक कृषि गरिरहेका तथा आगामी दिनमा व्यावसायिक खेतीतर्फ अघि बढ्न इच्छुक किसानलाई प्राथमिकतामा



राखेर छनोट गरी मिनीटिलर वितरण गरिएको हो । यसबाट खेतीपातीलाई आधुनिक बनाउँदै उत्पादन बढाउन सहयोग पुग्ने अपेक्षा गरिएको कार्यालय प्रमुख शाहीले बताए।

व्यावसायिक खेती गर्दै आएका किसान र कृषि उद्यमीलाई उक्तमिनिटिलर हलो उपलब्ध गराइएको हो । किसानले उपकरण सही तरिकाले प्रयोग गर्न सकून् भन्ने उद्देश्यले खेत जोत्नुअघि अपनाउनुपर्ने सावधानी, खेत जोत्ने तरिका तथा काम सकिएपछि गर्नुपर्ने मर्मतसम्बन्धी जानकारी प्रदान गरिएको छ।

कृषि यान्त्रीकरणका कार्यक्रम सञ्चालन गरेपछि किसानमा आधुनिक उपकरण प्रयोग गर्ने प्रवृत्ति बढ्दै गएको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइ जुम्लाले जनाएको छ। अनुदानमा यान्त्रिक हलो पाएपछि खेतीपाती गर्न सहज हुने भन्दै किसानले खुसी व्यक्त गरेका छन्।